# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४) फिक्कल,इलाम,१ नं. प्रदेश, नेपाल, कार्तिक २० गते २०७७

साल संख्या ८

## भाग-२

नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, कार्यबिधि तथा निर्देशिका सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## एक घर एक उन्नत जातको गाई
## कृषकहरुलाई उन्नत गाई खरिदमा लागत साझेदारी अनुदान एवं तालिम संचालन कार्य विधि २०७७

सूर्योदय नगरपालिकाको आ.व.२०७७।७८ को नीति तथा कार्यक्रमले निर्दिष्ट गरे अनुरुप वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सूर्योदय नगरपालिकालाई उन्नत गाईको श्रोत केन्द्रको रुपमा विस्तार गर्ने एवं कृषकहरुलाई पशुपालन तर्फ आकर्षित गरी व्यवसायिकीकरण गर्न तथा २ लाख लिटर दुध प्रति दिन उत्पादन गर्ने हेतुले एक घर एक उन्नत जातको गाई पालन गर्ने गराउने नीति अनुरुप कृषकहरुलाई उन्नत गाई खरिदमा लागत साझेदारीमा अनुदान एवं तालिम संचालन सम्बन्धमा देहाय बमोजिमको कार्य सम्पादन गर्ने गरी यो कार्यविधि २०७६ प्रथम संसोधन सहित तयार पारिएको हो । संसोधनको बुँदाहरुमा गाईको मापदण्डमा दफा (क) र (च) लाई किसान मापदण्डमा उपदफा च लाई संसोधन गरिएको छ ।त्यसै गरि कार्यक्रम संचाल गर्ने प्रकृया र विधिको उपदफा (ख) मा संसोधन गरिएको छ । त्यसै गरि दफा (छ) को उपदफा ङ र च लाई संसोधन गरिएको छ ।

१. **कार्यक्रम कृयाकलापको नाम** : कृषकहरुलाई उन्नत गाई खरिदमा लागत साझेदारीमा अनुदान एवं तालिम संचालन ।

२. **कार्यक्रमको उदेश्य** : गाई पालनलाई व्यवसायिकीकरण गर्ने , नगर भरी २ लाख लिटर दुध प्रतिदिन उत्पादन गर्ने , दुग्ध तथा दुग्ध जन्य पदार्थको उत्पादनलाई विविधिकरण गर्ने , उत्पादकत्व वृद्धि गर्ने , प्राङ्गारिक कृषि प्रवर्धन गरि स्वरोजगारमा वृद्धि गराई आर्थिक विकास तथा कृषकहरुको आय स्तर बढाउने ।

३. **कार्यक्रम , कृयाकलापहरु**

क) कृषकहरुलाई ८० प्रतिशत अनुदानमा बढीमा १०० माउ उन्नत गाई वितरण गर्ने ।

ख) उन्नत गाई खरिदमा लागत साझेदारीमा नगरले ८० प्रतिशत र किसानले २० प्रतिशत लागत व्योहोर्ने र गाईको अधिकतम मूल्य रु १ लाखको ८० प्रतिशतले हुन आउने रु ८० हजार भन्दा बढी अनुदान रकम दिइने छैन ।

ग) अनुदान प्राप्त गर्ने किसानलाई गाई पालन सम्बन्धि प्राविधिक तालिम उपलब्ध गराउने ।

घ) उन्नत घाँसको बीउ तथा तत्कालको लागि आवश्यक औषधि ,पोषक तत्व र प्राविधिक सेवा उपलब्ध गराउने ।

ङ) गाईको विमाको व्यवस्था गर्ने

**४) कार्यक्रम संचालन गर्ने प्रकृया र विधि :**

क) कृषक आफैंले गाईको छनौट गरि मुल्याङ्कन समिति समक्ष पेश गर्नेछ ।

ख) मुल्याङ्कन समितिले स्थलगत रुपमा  कृषकको गाईको वास्तविक मुल्याङ्कन गरि गाई खरिद प्रकृयाको अन्तिम निर्णय गर्नेछ ।

**५) मूल्याङ्कन तथा सिफारिस समिति :**

लागत साझेदारीमा गाई खरिद तथा तालिम कार्यक्रम संचालनको लागि एक मूल्याङ्कन समिति निर्माण गरिनेछ । मूल्याङ्कन समितिमा तपशिल बमोजिमको सदस्यहरु रहनेछन ।

क) संयोजक : आर्थिक विकास समितिको संयोजक

ख) सदस्य : कार्यपालिकाको सदस्यहरु मध्ये एक महिला सहित २ जना सदस्य ।

ग) सदस्य : प्रशासकीय अधिकृत सदस्य

घ) सदस्य सचिव : पशु सेवा शाखाको कार्यलयको प्रमुख

ङ) निर्देशन समितिले तोकेको नगर सभा सदस्य २ जना

च) पशु प्राविधिक मध्ये एक जना सदस्य

**६) मूलयाङ्कन समितिको काम कर्तव्य अधिकार :**

क) वडा बाट सिफारिस भइ आएका किसानहरुको स्थलगत अवलोकन किसान मापदण्ड अनुसार भए नभएको अनुगमन गरि अन्तिम छनौट गरि निर्देशन समितिमा पेश गर्ने

ख) निर्देशन समितिबाट स्विकृत किसानहरुको लागि किसान स्वयंले छनौट गरेको गाईहरु प्राविधिक रुपमा ठिक भए नभएको जाँच गराई वास्तविक मूल्य निर्धारण गरी सिफारिस गर्ने ।

ग) सिफारिस गरिएको गाईहरुको बिमा गराउने ।

घ)सिफारिस गरिएको गाईको बिक्रेता र अनुदान प्राप्त गर्ने किसानहरु बीच सम्झौता गराउने ।

ङ) समस्या तथा गुनासो समाधान गर्ने ।

च) निर्देशन समितिले दिएको निर्देशन अनुरुप आवश्यक कार्य गर्ने ।

**७) निर्देशन समिति :**

क) मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गरि पेश गरिएको प्रतिवेदनहरु र प्रस्तावहरु माथि आवश्यक थपघट , हेरफेर तथा आवश्यक निर्देशन र अन्तिम निर्णय गर्न देहाय अनुसार सदश्यहरु रहेको एक निर्देशन समिति रहनेछ ।

- संयोजक: नगर प्रमुख
- सदस्य : नगर उप प्रमुख
- सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

**८) निर्देशन समितिको काम कर्तव्य र अधिकार :**
क) मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गरि पेश गरिएको कृषक र गाईको छनौट नामावली माथी आवश्यक परे हेरफेर थप घट वा आवश्यक निर्देशन दिने ।
ख) लागत साझेदारीमा उन्नत गाई अनुदान कार्यक्रम क्रियाकलापको प्रस्ताव र कार्य योजना स्विकृत गर्ने ।
ग) कार्यक्रमलाई संचालन गर्न आवश्यक सम्पूर्ण निर्देशन दिने ।
**९) गाईको मापदण्ड :**
**अनुदान कार्यक्रममा सामेल हुने गाईहरुको मापदण्ड तपशिल बमोजिमको हुनेछ ।**
क) पहिलो, दोस्रो र तेश्रो वेत सम्मको हुनुपर्नेछ । तेश्रो वेतको हकमा उमेर भएको र स्वस्थ हुनुपर्नेछ ।
ख) गाईको साथमा बाछा वा बाछी हुनुपर्नेछ ।
ग) पशुपंक्षी शाखाबाट दिर्घ रोग नभएको प्रमाणित भएको हुनुपर्नेछ ।
घ) गाईको जात पहिचान भएको हुनुपर्नेछ ।
ङ) कम्तीमा पनि दोश्रो र तेश्रो वेतको गाइले घटिमा १२ लिटर सम्म दुग्ध उत्पादन गर्ने र पहिलो वेतको हकमा १० लिटर दुध अनिवार्य भएको हुनुपर्नेछ ।
च) बियाएको बढीमा ३ महिना भित्रको गाइ मात्र अनुदानमा सरिक हुनेछ ।
छ) प्राविधिक रुपमा अपाङ्गता भएको वा रोगी भएको हुनु हुदैन ।

१०)
**क) किसानको मापदण्ड :** किसान छनौट गर्दा वडा समिति तथा मूल्याङ्कन सिफारिस समितिले तपशिलको मापदण्ड पुरा गर्नु पर्नेछ ।
ख) कुनै कुलतमा नफसेको किसान ।
ग) परिवारमा दिर्घ रोगी भएको तर गाइपालन गरि गूजरा गर्ने परिवार ।
घ) गाईलाई घाँस तथा अन्य आहारा व्यवस्था गर्न सक्ने परिवार ।
ङ) अपाङ्गता भएको व्यक्तिको परिवार ।
च) गाइपालनको लागि गोठको व्यवस्थापन राम्रो भएको किसान ।
छ ) किसानले भकारो सूधार गरेको या गर्ने प्रतिबद्धता गर्ने किसान ।
ज) बैदेशिक रोजगारबाट फर्कि हाल पशुपालन तथा कृषि पेशा गरि रहनु भएको व्यक्तिहरु ।
झ) ४० वर्ष भन्दा कम उमेरकी विद्युवा महिला जस्को गूजारा पशुपालनबाट चलेको छ।
ञ) बिपन्न परिवार ।
ट) उन्नत गाई पालन तालिममा अनिवार्य सहभागी हुनुपर्ने ।
ठ) कम्तिमा ४ वर्ष गाई बेच्न नपाउने शर्त मन्जुर गरेको किसान ।

उपदफा ठ मा जून सुकै कुरा लेखिएको भएता पनि गाईको थुनेलो भइ उत्पादन घटेको या पशु सेवा शाखा कार्यालयबाट अन्य कुनै प्राविधिक कारण देखिएर बिक्री गर्नु परेमा त्यसको बदलामा अर्को गाई खरिद गर्ने शर्तमा गाई बिक्री गर्न सक्नेछ ।

समाप्त

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत